# नेपाल सरकार
## रक्षा मन्त्रालय
## प्रेस विज्ञप्ति

नेपालको औपचारिक भ्रमणमा आउनु भएका मित्रराष्ट्र चीनका Gen.CHANG Wanquan (Member of Central Military Commission, State Councilor and Defense Minister Of the Government of the People's Republic of China) र नेपाल सरकारका रक्षा मन्त्री माननीय बालकृष्ण खाण बीच रक्षा मन्त्रालय, सिंहदरबारमा आज द्विपक्षीय वार्ता भयो । दुवै देशका उच्च पदस्थ अधिकारीहरु उपस्थित वार्तामा रक्षा मन्त्री खाणले परापूर्वकालदेखिको मित्रवत सम्बन्धलाई यो भ्रमणले थप प्रगाढता दिने विश्वास व्यक्त गर्दै चीनले नेपालको सामाजिक-आर्थिक विकासमा पुऱ्याईरहेको योगदानका लागि धन्यवाद दिदै असंलग्न परराष्ट्रनीति र पञ्चशीलको सिद्धान्तमा आधारित हाम्रो परराष्ट्र सम्बन्धले एकअर्काको शान्तिपूर्ण सहअस्तित्वलाई सम्मान गर्ने बताउनुभयो । नेपाल सदैव एक चीन नीति (One China Policy) मा अडिग छ भन्ने विषयलाई रक्षा मन्त्री खाणले जोड दिदै भन्नुभयो- "हामी हाम्रो भूमिमा छिमेकी मित्रराष्ट्रको विरुद्धमा कुनै गतिविधि गर्न दिने छैनौ ।" नेपाली जनता नेपालमा मित्रराष्ट्रहरुको सद्भावमा शान्ति, प्रगति र संवृद्धि चाहन्छन्, त्यसैगरी चीनीयाँ जनता र चीन सरकारले सदैव नेपाल र नेपाली जनताको हितको लागि सकारात्मक सोच राख्दै आएको छ । तसर्थ, छिमेकी राष्ट्रहरुमा पनि शान्ति र संवृद्धि भएको देख्न चाहन्छौ र साथै चीनको विकास र संवृद्धिमा हामी खुसी प्रकट गर्दछौ भनि मन्त्री खाणले बताउनु भयो ।

त्यसैगरी चिनियाँ रक्षा मन्त्रीले हामी नेपालमा शान्ति, प्रगति र विकास भएको देख्न चाहन्छौ, हामी नेपालीको हित चाहन्छौ साथै नेपाली जनताले चाहेजस्तो विकास होस भन्ने हाम्रो सद्भाव रहेको कुरा व्यक्त गर्दै हामीले विगतमा नेपाल र नेपाली सेनालाई दिदै आएको सहयोगको निरन्तरता हुने विश्वास दिलाउनु भयो । चीन र नेपाल बीच नङ र मासुको जस्तै सम्बन्ध रहेकोले क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा समेत यसले राम्रो प्रभाव पारेको कुरा वहाँले बताउनु भयो । यसैगरी नेपालले एक चीन नीति अन्तर्गत उत्तरी सिमा सुरक्षामा पुऱ्याएको योगदानको सराहना गर्दै यसलाई अझ प्रभावकारी बनाउन आवश्यक सहयोग बढाउने तत्परता वहाँले देखाउनु भयो । संयुक्त राष्ट्र संघको शान्ति प्रयास, विकास निर्माण र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका बढाउन आफु सदैव ईच्छुक रहेको भनाई चीनका रक्षा मन्त्रीको रहयो । आजको भेटमा नेपालका लागि चीनीयाँ राजदूत श्रीमती यु होङ्ग र रक्षा सचिव श्री श्रीधर सापकोटाको समेत उपस्थिति रहेको थियो ।

श्रीलंकाको भ्रमण पूरा गरी आजै बिहानको थाइ एयरवेजको जहाजबाट त्रिभुवन विमानस्थलमा उत्रनु भएका चीनका रक्षा मन्त्रीलाई माननीय रक्षा मन्त्री खाणले उच्च अधिकारी सहित विमानस्थलको विशिष्ट कक्षमा स्वागत गर्नुभयो । चीनका रक्षा मन्त्रीले आजै सम्माननीय प्रधानमन्त्रीसँग भेट गरिसक्नु भएको छ भने भोलि सम्माननीय राष्ट्रपति, माननीय उप-प्रधानमन्त्री तथा गृह मन्त्री र प्रधान सेनापतिसँग शिष्टाचार भेटको कार्यक्रम रहेको छ ।

चिनियाँ रक्षा मन्त्रीको सम्मानमा माननीय रक्षा मन्त्री बालकृष्ण खाणले भोलि अपरान्ह नेपाली सेनाको अफिसर्स क्लबमा रात्रिभोजको आयोजना गर्ने कार्यक्रम रहेको छ। चीनीयाँ मन्त्री शनिबार एयर चाइनाको जहाजबाट स्वदेश फर्कनु हुनेछ ।

उत्तमप्रसाद नागिला

सह-सचिव/प्रवक्ता

दिनाङ्क २०७३/१२/१० बृहस्पतिबार

सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं